# स्थानीय बिषय (मादी गाँउपालिकाको चिनारी)

## १.परिचय

नेपाल बहुविविधता युक्त राष्ट्र हो। केन्द्रबाट निर्मित पाठ्यक्रमले देशका बिभिन्न भागको भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक विविधताको प्रतिनिधित्व गर्न एवम् स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न नसक्ने हुनाले 'राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३' ले स्थानीय पाठ्यक्रमको ब्यवस्था गरेको हो। स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित शिक्षामा बिशेष जोड दिने हुनाले गण्डकी प्रदेश अन्तर्गत मादी गाँउपालिकाका प्रमुख, उप-प्रमुख, कार्यकारिणी सदस्यहरु, गाँउपालिका सदस्यहरु, गाँउ शिक्षा समिति, गाँउपालिकाका कर्मचारीहरु, स्थानीय समाजसेवी, बुध्दिजीवी, शिक्षक, प्रधानाध्यापक, विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारिहरुको संयुक्त प्रयत्नद्वारा यस गाँउपालिकाभित्र अध्यायन गर्ने विद्यार्थीहरुमा ब्यबहारिक र जीवन उपयोगी ज्ञान, सीप र अभिवृत्ति सिकाउने उद्देश्यका साथ यो स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको हो।

यस पाठ्यक्रमको कार्यान्वयनले बिद्यार्थीहरुमा आफ्नो गाँउपालिकाको बिषयमा सामान्य जानकारी प्राप्त हुने र स्थानीय पेशा, ब्यवशाय, मूल्य मान्यता, संस्कृतिको संरक्षण र सम्वर्धनमा टेवा पुग्दछ। साथै यस पाठ्यक्रमले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका कुराहरुलाई स्थान दिई पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, खुल्ला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरुप बनाउँछ र निर्णय प्रकृयामा सबै पक्षको अर्थपूर्ण सहभागितालाई बढवा दिन्छ। यस पाठ्यक्रमले मादी गाँउपालिकाको परम्परागत ज्ञान र सीपको उजगार गर्न समेत मद्दत गर्दछ।

यिनै तथ्यहरुलाई हृदयंगम गरी नेपालको आधारभूत कक्षा १-५ को पाठ्यक्रम (वि.सं. २०६२ र २०६५) मा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०% पाठ्यभार स्थानीय बिषयवस्तुमा आधारित हुनु पर्ने प्रवधान राख्नुका साथै आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ले स्थानीय बिषयवस्तुका सम्बन्धमा १०० पुर्णाङ्कको एक छुट्टै बिषय राख्न सकिने प्राबधान राखेको छ। स्थानीय बिषयको हकमा स्थानीय तहका लागि उपयोगी पेशा, व्यवसाय, धर्म, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतिपाति, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक ब्यवहार आदि बिषयवस्तु सम्बन्धी बिषय स्थानीय

तहको परामर्शमा विद्यालय आँफैंले छनौट गरी यस्ता बिषयको पाठ्यक्रम निर्माण, पाठ्यपस्तकको विकास तथा कार्यान्वयन स्थानीय तहको परामर्शमा सम्बन्धित शैक्षिक संस्था आफैले गर्न सक्ने प्राबधान अनुरुप यो पाठ्यक्रम तयार गरिएको हो।

यस बिषयको पठन पाठनका लागि 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५' मस्यौदाले निर्धारण गरेको ३ पाठ्य घंटा अर्थात साप्ताहिक ४ पाठ्यभार र पूर्णाङ्क १०० निर्धारण गरिएको छ। साथै यस विषयको मूल्याङ्कनका लागि आवधिक मूल्याङ्कन ६० प्रतिशत र निरन्तर मूल्याङ्कन ४० प्रतिशत गुने गरी तोकिएको छ। सैद्धान्तिक र प्रयोगात्मक सिकाईलाई वरावर महत्व दिन दुवै प्रकारका मूल्याङ्कनलाई अन्तर्गत ५०-५०% अंकभार छुट्याइएको छ। यस पाठ्यक्रममा निम्नलिखित बिषयवस्तुहरु र क्षेत्रहरु समावेश भएका छन्:

- मादी गाँउपालिकाको भौगोलिक परिचय
- मादी गाँउपालिकामा विकासका पूर्वाधारहरु
- मादी गाँउपालिकाको ऐतिहासिक, सामाजिक र सांस्कृतिक पक्ष
- मादी गाँउपालिकाको जनसङ्ख्याको अवस्था
- मादी गाँउपालिकामा आर्थिक कृयाकलापहरु
- मादी गाँउपालिका, प्रकृति र संरक्षण
- मादी गाँउपालिकाको भावी योजना र विकास

## २. तहगत सक्षमताहरु:

यस तहको अन्त्यमा विद्यार्थीहरुले निम्न लिखित सक्षमताहरु हासिल गर्नेछन्:

१.मादी गाँउपालिकाको भौगोलिक अवस्थाको जानकारी र आफ्नो गाँउ प्रति गौरव,
२. मादी गाँउपालिकाको प्राकृतिक साधनहरुको पहिचान तथा समृद्धिका लागि उचित उपयोग,
३. मादी गाँउपालिकामा वातावरणले मानव क्रियाकलाप र मानव क्रियाकलापले वातावरणलाई पार्ने प्रभाव,
४. मादी गाँउपालिकाका सामाजिक मूल्य मान्यताहरुको सम्मान, संरक्षण, संवर्धन र पालना,
५. मादी गाँउपालिकाको विकासका पूर्वाधारहरुको जानकारी तथा पूर्वाधार निर्माणमा योगदान,
६. मादी गाँउपालिकाका साँस्कृतिक, धार्मिक, वौद्धिक, रचनात्मक कार्यहरुमा सहभागिता,

७. मादी गाँउपालिकाको जनसाङ्खिक पक्षहरु र व्यवस्थापनको जानकारी तथा आफ्नै ठाँउमा गुणस्तरीय जीवनयापन गर्ने कृयाकलापमा संलग्नता,
८. मादी गाँउपालिकाको आर्थिक कृयाकलापहरुको जानकारी तथा सीमित साधन र स्रोतको उपयोग गरी वैयक्तिक तथा सामाजिक उन्नतिका कार्यमा संलग्नता,
९. मादी गाँउपालिकाको प्रकृति संरक्षण बारे उचित जानकारी तथा प्रकृति संरक्षण सम्वन्धि विभिन्न कृयाकलापहरुमा संलग्नता,
१०. मादी गाँउपालिकाको स्वर्णिम भविष्य निर्माणका लागि सवलताहरुको पहिचान सहित दीर्घकालिन योजनाहरुको निर्माण र कार्यान्वयन,

## ३. कक्षागत सिकाइ उपलब्धिहरु

### कक्षा ६

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:
१. मादी गाँउपालिकाको भौगोलिक र सापेक्षिक अवस्थिति उल्लेख गर्न र नक्सा बनाई देखाउन,
२. मादी गाँउपालिकाको ऐतिहासिक चिनारी, नामाकरण र विशेषताहरु बारे जानकारी दिन,
३. मादी गाँउपालिकाको धरातलीय स्वरुपको विवरण दिन र आफ्नो वडालाई धरातलीय स्वरुपको आधारमा विभाजन गरी वर्णन गर्न,
४. मादी गाँउपालिकाको शिक्षाको वर्तमान अवस्था जानकारी दिई आफ्नो वडाको शैक्षिक तथ्याङ्क सङ्कलन गरी उचित प्रस्तुतीकरण गर्न,
५. मादी गाँउपालिकाको स्वास्थ्यको वर्तमान अवस्था उल्लेख गरी सामुदायिक स्वास्थ्य सुधार कार्यमा संलग्न हुन,
६. मादी गाँउपालिकाको ऐतिहासिक स्थलहरु, वस्तुहरु र प्राचीन स्मारकहरुको वारेमा जानकारी प्राप्त गर्न र आफ्नो समुदायमा रहेका ऐतिहासिक स्थलहरुको विवरण तयार गर्न,
७. मादी गाँउपालिकाका ऐतिहासिक व्यक्तित्वहरुको परिचय दिन र आफ्नो समुदायका ऐतिहासिक व्यक्तित्वहरुको पहिचान गरी उनीहरुले गरेका मुख्य मुख्य योगदानहरु पहिचान गर्न र प्रेरणा लिन,
८. मादी गाँउपालिकाका चाडपर्व, भेषभूषा, रहनसहन, मेला, पर्व, गीत, सङ्गीत, बाजाहरुको बारेमा खोजी गर्न र संरक्षण गर्न,

९. मादी गाँउपालिकाको जनसङ्ख्याको वितरण र घनत्वमा प्रभाव पार्ने तत्वहरुको बर्णन गर्न र जनसङ्ख्याको अवस्था उल्लेख गर्न,
१०. मादी गाँउपालिकाको जनसङ्ख्याको संरचना उल्लेख गर्न र आँफू बसेको समुदायको जनसङ्ख्याको संरचनाका तथ्याङ्कहरु सङ्कलन गरी तालिकामा देखाउन,
११. मादी गाँउपालिकाको कृषि र घरेलु उद्योगको वर्तमान अवस्था बताउन र कृषि र घरेलु उद्योगका कार्यमा संलग्न हुन,
१२. आँफू बसेको समुदायको कृषि र घरेलु उद्योगको वर्तमान अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न,
१३. मादी गाँउपालिकामा पनि कार्यक्षेत्र रहेको अन्नपुर्ण संरक्षण क्षेत्रको परिचय बताउन र गण्डकी प्रदेशको नक्सामा उक्त क्षेत्र देखाउन,
१४. वनजङ्गलमा लाग्ने डडेलो र जलवायु परिवर्तनका कारणहरुको विवरण बताउन र जलवायु परिवर्तन रोक्न आवस्यक कदमहरु अवलम्वन गर्न,
१५. गाँउ पालिकामा सञ्चालन हुने योजनाको अवधारणा र योजना तर्जुमाको प्रकृया वारे जानकारी प्रदान गर्न,
१६. आँफू बसेको वडाका सवलताहरु, कमजोरीहरु, अवसरहरु र चुनौतिहरुको पहिचान गर्न र सम्बन्धित वडाको दूर- दृष्टिको निर्माण गर्न,

## कक्षा ७:

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:
१.मादी गाँउपालिकाको हावापानी, वनस्पति र वन्यजन्तुको विवरण प्रदान गर्न तथा यहाँको जैविक विविधताको संरक्षण र सदुपयोग गर्न,
२. मादी गाँउपालिकाको नदी प्रवाह प्रणाली उल्लेख गर्न र नक्सामा देखाउन,
३. मादी गाँउपालिकाको प्राकृतिक साधनहरु- जलश्रोत, वनजङ्गल, माटो तथा खनिजको अवस्था उल्लेख गर्न र ती साधनहरुको उचित प्रयोग, संरक्षण र सम्वर्धन गर्न सहयोगी भुमिका खेल्न,
४. मादी गाँउपालिकाका विकासका पुर्वाधारका रुपमा उर्जा र पिउने पानिको वर्तमान अवस्था उल्लेख गर्न र उर्जा र पिउने पानिको उचित उपयोग गर्न,
५. आफ्नो समुदायमा रहेका मठ, मन्दिर, पाटी, पौवा, चैत्य, स्तुप, विहार, पुराना दरवार, शिलालेख, आदि खोजि गर्न र सङ्क्षिप्त वर्णन गर्न,

६. मादी गाँउपालिकामा वसोवास गर्ने जनताहरुको धर्म, धार्मिक कृयाकलापहरु, धार्मिक सहिष्णुता र सद्भाव एवम् धार्मिक स्थलहरुको विवरण प्रदान गर्न र धार्मिक सहिष्णुता अवलम्वन गर्न,
७. मादी गाँउपालिकामा वसोवास गर्ने आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएको जातिहरुको रहनसहन र संस्कारको बर्णन गर्न तथा जातिय विविधतालाई सम्मान गर्दै जातिय सद्भाव कायम गर्न,
८. मादी गाँउपालिकामा जनसङ्ख्या वृध्दि र वसाईं सराईंका कारण पहिचान गरी जनसङ्ख्या बृद्धि र वसाईं सराईं रोक्न आवस्यक कदमहरु वारे सचेत हुने,
९. मादी गाँउपालिकामा जनसङ्ख्या बृद्धि र बसाईं सराईंको अवस्था वारे जानकारी प्रदान गर्न र आफ्नो समुदायबाट बाहिर हुने बसाईं सराईंको अवस्था पत्ता लगाउन,
१०. मादी गाँउपालिकामा पर्यटकिय स्थलहरु, पर्यटनको सम्वाभना र अवस्था वारे जानकारि प्रदान गर्न र आफ्नो समुदायमा भएका पर्यटनका सुविधाहरुको विवरण तैयार पार्न,
११. मादी गाँउपालिकाका मुख्य मुख्य ब्यापारिक केन्द्रहरु, प्रमुख आयात र निर्यातका वस्तुहरु सुचीकृत गर्न र आफ्नो समुदायबाट निर्यात गरिने वस्तुहरु वारे खोजि गरी विवरण तयार गर्न,
१२. मादी गाँउपालिकामा  वातावरणीय सर सफाइको महत्त्व बताउन र फोहोर मैलाको उचित ब्यवस्थापन गर्न,
१३. विश्वब्यापि वातावरणीय समस्याप्रति सजग रहन र समस्या न्युनीकरणमा भुमिका निर्वाह गर्न,
१४. मादी गाँउपालिकाका सवलताहरु, दुर्वलताहरु, अवसरहरु र चुनौतिहरुको पहिचान गरी गाँउपालिकाको विकासको दूर-दृष्टि निर्माण गर्न,
१५. मादी गाँउपालिकाका दिर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरु वारे जानकारी प्राप्त गर्न र वताउन,
१६. मादी गाँउपालिकाका प्रमुख गौरवका आयोजनाहरु वारे विवरण तयार पार्न,

## कक्षा ८

यस कक्षाको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:
१. मादी गाँउपालिकामा रहेका मुख्य मुख्य वस्तिहरुको अवस्थिति, प्रारुप र किसिम एवम् आवासहरुका प्रकारका वारेमा विवरण दिन र आँफु वसोवास गर्ने वस्तिको अवस्थितिको कारण, प्रारुप र किसिम छुट्टाउन,

२. मादी गाँउपालिकाको भौगोलिक र साँस्कृतिक वातावरणसँग मानवीय कृयाकलापहरुको अन्तरसम्वन्ध उल्लेख गर्न,
३. मादी गाँउपालिकाको राजनैतिक बिभाजन गरी वडा तथा गाऊँ विकास केन्द्रहरु नक्सामा देखाउन,
४. विकासका पुर्वाधारका रुपमा मादी गाँउपालिकामा यातायात-सञ्चार र मानव संसाधनको अवस्था उल्लेख गर्न,
५. मादी गाँउपालिकाको विकासका लागि चाहिने तत्कालिन र दीर्घकालिन मानवीय संसाधन र तिनीहरुको उत्पादन वारे छलफल गर्न र निष्कर्ष निकाल्न,
६. मादी गाँउपालिकामा बोलिने बिभिन्न भाषाभाषीहरु वारे जानकारी प्रदान गर्न र स्थानीय भाषाको संरक्षणमा महत्वपुर्ण भुमिका खेल्न,
७. मादी गाँउपालिका स्तरमा कार्यरत सामाजिक संघसंस्थाहरु र तिनीहरुले समाजमा रहेका सामाजिक समस्याहरु समाधान गर्न खेलेका सकरात्मक भुमिकाको विवरण तयार गर्न र आफ्नो समुदायमा कार्यरत सामाजिक संघसंस्था र तिनीहरुको कार्य विवरण तयार गर्न,
८. मादी गाँउपालिकाको बिभिन्न भागमा प्रचलित रैथाने प्रविधिहरुको वारेमा वताउन  र आ-आफ्नो समुदायमा लोपोन्मुख रैथाने प्रविधिको खोजि गर्न,
९.मादी गाँउपालिकाको जनसङ्ख्याको संरचना बताउन, ब्यक्तिगत घटना दर्ताको महत्त्व र प्रकृयाको वारे जानकारी दिन र आफ्नो ओरीपरि घटेका ब्यक्तिगत घटना दर्ता गर्न सहयोग गर्न,
१०. जनसङ्ख्याको वास्तविक अवस्थाको जानकारी लिई आपसी छलफलको आधारमा आफ्नो स्थानीय स्तरमा लिनु पर्ने जनसङ्ख्या नीति निर्धारण गर्न,
११. मादी गाँउपालिकामा वैदेशिक रोजगारको अवस्था उल्लेख गर्न र वैदेशिक रोजगारबाट हुने फाइदा र बेफाइदा बताउन,
१२. मादी गाँउपालिकामा रहेका परम्परागत र आधुनिक आय आर्जनका स्रोतहरु र आर्थिक सहयोग गर्ने वित्तीय संस्थाहरुको वारेमा जानकारी दिन,
१३. मादी गाँउपालिकामा परिस्थितिक प्रणालि र पर्या-पर्यटनको अन्तरसम्बन्धको विवरण प्रदान गर्न,
१४. जलवायु परिवर्तन न्युनीकरण गर्न र अनुकुलन कायम गर्न आवस्यक उपायहरु बताउन,
१५. मादी गाँउपालिकाका क्षेत्रगत विकास योजनाहरु वारे जानकारी लिन  र आफ्नो समुदायका विकास आयोजनाहरु वारे समुदायमा जनचेतना फैलाउने,

१६. प्रशंसनीय खोज पद्धतिमा आधारित योजना तर्जुमा विधि वारे बताउन र सो विधि प्रयोग गरी मादी गाँउपालिकाको दीर्घकालिन योजना तर्जुमा गर्न,

# ४. विषयवस्तुको क्षेत्र र क्रम

| एकाइ(क्षेत्र) | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | अनुमानित घंटि | कैफियत |
|---|---|---|---|---|---|
| १.भौगोलिक परिचय | • अवस्थिति<br>• ऐतिहासिक चिनारी<br>• धरातलीय स्वरुप | • हावापानी, वनस्पति र वन्यजन्तु<br>• नदी प्रवाह प्रणाली<br>• प्राकृतिक साधनहरु | • वस्ति तथा आवास<br>• वातावरण र मानवको अन्तरसम्बन्ध<br>• राजनैतिक विभाजन | १५ | |
| २. विकासका पुर्वाधारहरु | • शिक्षा<br>• स्वास्थ्य | • उर्जा<br>• पिउने पानी | • यातायात र सञ्चार<br>• मानव संसाधन | १५ | |
| ३.ऐतिहासिक, साँस्कृतिक र सामाजिक पक्ष | • ऐतिहासिक स्थलहरु र वस्तुहरु<br>• ऐतिहासिक व्यक्तित्वहरु<br>• स्थानीय चाडपर्व, भेषभुषा, रहनसहन,<br>• मेला,पर्व,गीत, सङ्गीत र बाजा | • मन्दिर, स्तुपा, पाटि, पौवा, पुराना दरवार<br>• धर्म,धार्मिक कृयाकलाप र धार्मिक स्थलहरु<br>• आदिवासी, जनजाति, दलित, पिछडिएका जातिहरु, उनीहरुका | • स्थानीय भाषाभाषीहरु र तिनीहरुको संरक्षण, सामाजिक संघ संस्थाहरु<br>• रैथाने प्रविधि<br>• सामाजिक समस्याहरुको पहिचान तथा समाधान | ३० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रहनसहन र संस्कारहरु<br>• धार्मिक सहिष्णुता र जातिय सद्भाव | | | |
| ४. जनसङ्ख्याको अवस्था | • जनसङ्ख्याको वितरण र घनत्व<br>• जनसङ्ख्याको वितरण र घनत्वमा प्रभाव पार्ने तत्त्वहरु | • जनसङ्ख्या बृद्धिको अवस्था र वसाईं सराईं<br>• जनसङ्ख्या व्यवस्थापन र बसाईं सराईं रोक्ने ऊपायहरु | • जनसङ्ख्याको संरचना<br>• ब्यक्तिगत घटना दर्ता<br>• स्थानीय स्तरको जनसङ्ख्या नीति | १५ | |
| ५. आर्थिक पक्ष | • कृषि-अन्नवाली, फलफूल तथा तरकारी, पशु तथा पंक्षी पालन, मौरी तथा माछा पालन<br>• सिंचाइको अवस्था<br>• घरेलु तथा कुटिर उद्योगहरु<br>• कृषि प्रणाली | • पर्यटन-पर्यटकीय स्थलहरु र सुविधाहरु<br>• ट्रेकिङ्, पर्वतारोहण र अन्य कृयाकलापहरु<br>• ब्यापार-प्रमुख आयात र निर्यात वस्तुहरु, हाटबजार तथा ब्यापारिक केन्द्रहरु | • वैदेशिक रोजगार,<br>• आयमुलक कार्यहरु<br>• जडिवुटि सङ्कलन<br>• ग्रामीण ऋण, सहकारी र वित्तीय संस्थाहरु | २५ | |
| ६. प्रकृति र संरक्षण | • अन्नपुर्ण क्षेत्रको भौगोलिक परिचय<br>• वनजङ्गल र डडेलो | • फोहोर मैला ब्यवस्थापन<br>• विश्वब्यापि वातावरणीय समस्याहरु | • परिस्थितिक प्रणाली<br>• पर्या-पर्यटन<br>• जलवायु परिवर्तन र अनुकूलन | १५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | • संरक्षित क्षेत्र | • भूक्षय | | | |
| ७. योजना र विकास | • योजनाको अवधारणा,<br>• योजना तर्जुमाको प्रकृया<br>• सम्वन्धित वडाको सवलता, दुर्वलता, अवसर र चुनौतीको पहिचान<br>• सम्वन्धित वडाको विकासमा दूर-दृष्टि निर्माण | • गाँउपालिकाका सवलता, दुर्वलता, अवसर र चुनौतीको पहिचान<br>• गाँउपालिकाको विकासमा दुर-दृष्टि<br>• गाँउपालिकाका प्रमुख गौरवका आयोजनाहरु<br>• गाँउपालिकाका दिर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्य | • गाँउपालिकाका क्षेत्रगत विकास आयोजनाहरु:<br>• भौतिक विकासका योजनाहरु<br>• आर्थिक विकासका योजनाहरु<br>• सामाजिक विकासका योजनाहरु<br>• वातावरण संरक्षण र दिगो विकासका योजनाहरु<br>• प्रशंसनीय खोजमा आधारित भावी योजनको निर्माण | २५ | |

# ५. सिकाइ सहजीकरण प्रकृया

मादी गाँउपालिका चिनारी नामक पाठ्यक्रम बिभिन्न सात क्षेत्रलाई समेटेर एकीकृत रुपमा तयार गरिएको छ। यो पाठ्यक्रम विद्यार्थीहरुलाई खाली कोरा ज्ञान दिने भन्दा पनि बिषयवस्तुको ब्यबहारिक ज्ञान दिने उद्देश्यका लागि निर्माण गरिएकोले यस विषयको सिकाइका लागि विद्यार्थीहरुलाई कक्षाभित्रका साथै कक्षाबाहिर पनि आ-आफ्नो टोल समुदायसँग सम्बन्ध राखी विविध कृयाकलापहरु गराउनु पर्दछ। विद्यार्थीहरुलाई आफ्नो समुदाय जीवित प्रयोगशाला मान्दै खोजपुर्ण कार्यहरु गर्ने स्थलको रुपमा प्रयोग गर्न र सिकेका कुराहरुको सिर्जनात्मक विश्लेषण गर्न प्रोत्साहन गर्नु पर्दछ। विद्यार्थीहरुलाई ‘गर र सिक’ भन्ने धारणाको अभिवृद्धि गराउनु नै यस बिषयको मुल लक्ष्य रहेको छ। उक्त लक्ष्य प्राप्तिका लागि शिक्षकले पाठको प्रकृतिअनुसार विद्यार्थी केन्द्रित सहकार्य सिकाइ विधिहरु वा समालोचनात्मक चिन्तन विधिहरु प्रयोग गरेर सिकाइ सहजीकरण गर्नु पर्दछ। विद्यार्थी केन्द्रित वालमैत्री शिक्षण विधिहरु प्रयोग गरी शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनु पर्दछ। यस विषयको सिकाइ सहजीकरण गर्न शिक्षकले परम्परागत ‘प्रवचन विधि’ भन्दा प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन विधि, छलफल विधि, खोज विधि, अभिनय विधि, परियोजना कार्य विधि, घटना अध्ययन विधि, मस्तिष्क मन्थन विधि, जिक्स विधि, भित्री वाहिरी घेरा, कथा वाचन विधि, Numbered Head Together, Think-Pair Share, Mixed-Pair-Share, Semantic Map, Value Line विधिहरुमध्ये पाठको प्रकृति अनुसार उपयुक्त विधि चयन गरी प्रयोग गर्नु पर्दछ। यी विधिहरु प्रयोग गर्दा समावेशी शिक्षण प्रकृया अवलम्वन गर्दै आधुनिक प्रविधिको यथासम्भब प्रयोग गरी शिक्षण गर्नु पर्दछ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रकृया

पाठ्यक्रममा उल्लेखित वान्छित सिकाइ उपलव्धिहरु र विषयवस्तुको आधारमा विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिहरुको नियमित मूल्याङ्कन गर्नु पर्दछ। स्थानीय विषयको रुपमा लागु गरिएको यस विषयका सिकाइ उपलव्धिहरुको मूल्याङ्कनमा निर्णयात्मक पद्धतिलाई भन्दा निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कन पद्धतिमा जोड दिँदै विद्यार्थीहरुलाई प्रसस्त सिकाइ अवसरहरु प्रदान गर्नु पर्दछ।यो विषय मूलत: प्रयोगात्मक र व्यवहारिक शिक्षा दिने विषय भएको हुनाले सिकाइ उपलव्धिहरुको मूल्याङ्कन ‘Paper and Pencil’ परीक्षाले भन्दा विद्यार्थीहरुले दिनदिनै गर्ने प्रयोगात्मक कार्य, कक्षाकार्य, परियोजना कार्य,

खोजमूलक कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, सामाजिक-साँस्कृतिक कार्यमा संलग्नता, कक्षा सहभागिता, हाजिरी, अनुशासन, सिकाइ व्यवहारमा आएको परिवर्तनको अवलोकन द्वारा गर्नुपर्ने हुन्छ। उल्लेखित पक्षहरुको अभिलेखीकरणका लागि शिक्षकहरुले विद्यार्थीहरुको व्यक्तिगत कार्यविवरण फाइल खडा गरी सञ्चित अभिलेख (Cumulative Record) राख्नु पर्दछ। मूल्याङ्कन कार्यका लागि ज्ञान र बोध पक्षको साथै प्रयोगात्मक तथा खोजमूलक सिप,समालोचनात्मक चिन्तन सिप र अभिवृत्ति पक्षलाई पनि समेट्नु पर्दछ।

## मूल्याङ्कनका प्रकार:

क. **निरन्तर मूल्याङ्कन-४०%**
-अवलोकन
-गृहकार्य
-साप्ताहिक परीक्षा
-एकाइ परीक्षा
-कक्षा परीक्षा
ख. **निर्माणात्मक मूल्याङ्कन-६०%**
-पहिलो त्रैमासिक परीक्षा १०%(६ अंक)
-दोस्रो त्रैमासिक परीक्षा ३०%(१८ अंक)
-अन्तिम परीक्षा ६०%(३६ अंक)
निर्णयात्मक मूल्याङ्कनका आधारहरु निम्नअनुसार तय गरिएका छन्:

| किसिम | प्रश्नको प्रकार | अङ्कभार तथा प्रतिशत |
|---|---|---|
| लिखित मूल्याङ्कन | • अति छोटो उत्तर आउने प्रश्न | १x५=५ |
| | • छोटो उत्तर आउने प्रश्न | ३x५=१५ |

| | | |
|---|---|---|
| | • लामो उत्तर आउने प्रश्न | ५x२=१० |
| प्रयोगात्मक मूल्याङ्कन | | ३० |
| | जम्मा | ६० |
| निरन्तर मूल्याङ्कन | | ४० |
| | कुल जम्मा | १०० |

**प्रयोगात्मक मूल्याङ्कनका आधारहरु:**

- नियमित परीक्षा र अभिलेख
- सामुदायिक कार्य
- सामाजिक-साँस्कृतिक कार्यमा सम्लग्नता
- सिर्जनात्मक, सीपमुलक कार्य
- खोजमुलक र प्रयोगात्मक कार्य
- अति उत्तम, उत्तम र सामान्य तीन वर्गीकरणमा Letter Grading मा मूल्याङ्कन

**विद्यार्थीले गरेका कार्यहरुलाई निम्नानुसार वर्गीकरण गरी अङ्क प्रदान गर्नुपर्दछ:**

- प्रयोगात्मक मूल्याङ्कन फायल र मौखिक प्रश्नोत्तर-१०
- परियोजना कार्यहरु र क्षेत्र भ्रमण प्रतिवेदन-१५
- सकरात्मक व्यवहार परिवर्तन र हाजिर-५

## आधारभूत तह (कक्षा ८)
## विशिष्टीकरण तालिका (सैद्धान्तिक)

विषय: स्थानीय विषय (मादी गाँउपालिकाको चिनारी)

| एकाइ क्षेत्र | घंटि | ज्ञान र बोध | | | प्रयोगात्मक तथा अनुसन्धनात्मक सिप | | | समालोचनात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्क भार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्छिप्त | सङ्छिप्त | लामो | अति सङ्छिप्त | सङ्छिप्त | लामो | अति सङ्छिप्त | सङ्छिप्त | लामो | अति सङ्छिप्त | सङ्छिप्त | लामो | अति सङ्छिप्त | सङ्छिप्त | लामो | | |
| १. भौगिलिक परिचय | १५ | | | | | १ | | १ | | | | | | १ | १ | | ४ | |
| २. विकासका पूर्वाधार | १५ | | | | | | | | १ | | १ | | | | १ | | ३ | |
| ३. ऐतिहासिक, सामाजिक र साँस्कृतिक पक्ष | ३० | १ | | | | | १ | | | | | | | १ | | १ | ६ | |
| ४.जनसङ्ख्याको अवस्था | १५ | | | | | | | | | | | १ | | | १ | | ३ | |
| ५.आर्थिक अवस्था | २५ | | | | | | | | | १ | | | | | | १ | ५ | |
| ६. प्रकृति र संरक्षण | १५ | | १ | | | | | १ | | | | | | १ | १ | | ४ | |
| ७. योजना र विकास | २५ | १ | | | १ | | | | | | १ | | | २ | १ | | ५ | |
| जम्मा | १४० | २ | १ | | १ | १ | १ | २ | १ | १ | २ | १ | - | ५ | ५ | २ | ३० | |

## प्रयोगात्मक मूल्याङ्कनको विशिष्टिकरण तालिका

विषय: स्थानीय विषय (मादी गाँउपालिकाको चिनारी) आधारभूत तह (६-८)

| विद्यार्थीको नाम | सिर्जनात्मक कार्य-१० | | | | | सिपमूलक कार्य-१० | | | | | खोजमूलक कार्य-१० | | | | | सामूदायिक कार्यमा सहभागिता- १० | | | | | नमुना व्यवहार प्रदर्शन-१० | | | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ.उ. | उ. | म. | सा. | नि. | अ.उ. | उ. | म. | सा. | नि. | अ.उ. | उ. | म. | सा. | नि. | अ.उ. | उ. | म. | सा. | नि. | अ.उ. | उ. | म. | सा. | नि. | |

| | १० | ८ | ६ | ४ | २ | १० | ८ | ६ | ४ | २ | १० | ८ | ६ | ४ | २ | १० | ८ | ६ | ४ | २ | १० | ८ | ६ | ४ | २ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

*अ.उ.=अति उत्तम, उ.= उत्तम, म=मध्यम, सा.=सामान्य, नि=निम्न,

सिर्जनात्मक कार्य: कथा, कविता,सम्वाद, भूमिका निर्वाह्, मोडल निर्माण आदि।

सिपमूलक कार्य: सूची, तालिका, स्तम्भ चित्र, वृत्त चित्र, नक्सा, योजना, प्रश्नावली, प्रतिवेदन आदि।

खोजमूलक कार्य: अवलोकन, तत्थ्यांक सङ्कलन, विश्लेषण,निश्कर्ष आदि।

सामुदायिक कार्यमा सहभागिता: समुदायका कार्यमा सहभागिता

नमुना व्यवहार प्रदर्शन: नेतृत्वकला, सामुहिक कला, समुन्वय कला, प्रतिभा प्रदर्शन,सहिष्णुता आदि।